का.जि.प्र.का.द.नं. १००/०५९/६०

❑ वर्ष १८, अंक १३१
❑ २४ असार २०७७, बुधबार
❑ 8 July 2020, Wednesday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily — राष्ट्रिय दैनिक

**अपडेट: मंगलबार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | १६१६८ जना | ७४९९ जना | २५५७२८ | ८६३४ | ३५ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड १८ लाख ११ हजार | ६७ लाख ९० हजार | ५ लाख ४२ हजार | ४४ लाख ७८ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

## नेकपा विवाद

# बढ्दो चिनियाँ भूमिका

**सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजनको सम्मुखमा पुगेका बेला चिनियाँ राजदूत होउ यान्छीको सक्रियता अस्वभाविक रुपमा बढेको छ । यसलाई कतिपय नेताहरूले आन्तरिक मामिलामा हस्तक्षेपका रुपमा लिएका छन् भने कतिपयले यो चिन्तालाई स्वभाविक रुपमा मानेका छन् ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ असार ।

मंगलबार बिहान नेपालका लागि चिनियाँ राजदूत होउ यान्छीले सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का बरिष्ठ नेता एवम् पूर्व प्रधानमन्त्री झलनाथ खनालसँग भेटवार्ता गरेकी छन् । बरिष्ठ नेता खनाललाई भेट्न राजदूत यान्छी डल्लु नै पुगेकी थिइन् । भेटवार्ता भएको पुष्टि भएपनि सम्वादको विषय भने सार्वजनिक भएको छैन ।

तर, स्रोतका अनुसार नेकपा भित्र बढेको विवादबारे राजदूत यान्छीले चासो राखेकी छन् । सोमबार मात्रै राजदूत यान्छीले अर्का नेकपाका बरिष्ठ नेता एवम् पूर्व प्रधानमन्त्री माधवकुमार नेपालसँग भेटवार्ता गरेकी छन् । नेता नेपाललाई भेट्न राजदूत यान्छी कोटेश्वर नै पुगेकी थिइन् । नेता नेपालसँग भएको भेटवार्ता दूतावास स्रोतबाटै बाहिरिएको छ ।

अर्थात्, विभाजनको मोडमा पुगेको नेकपाका नेताहरुलाई सन्देश दिनेगरी राजदूत यान्छीले भेटवार्ता गरेकी छन् । उनको भेटलाई कतिपयले नेकपालाई विभाजनबाट रोक्ने र अहिलेकै सरकारलाई निरन्तरताबारे दबाव दिन गरिएको रुपमा लिइएको छ । उच्च स्रोतका अनुसार, राजदूत यान्छीले दुई अध्यक्षसँग पनि पार्टीभित्रको समस्याबारे चासो देखाएकी छन् ।

गएको वैशाख ८ गते प्रधानमन्त्री केपी शर्मा ओलीले दल विभाजन सम्बन्धी अध्यादेश ल्याएपछि आएको संकटका बेला पनि राजदूत यान्छीले सक्रियता देखाएकी थिइन् । त्यसबेला पनि विभाजनतर्फ उन्मुख नेकपाको गतिविधि रोकिएको थियो । तसर्थ, यसपटकको सक्रियतालाई पनि चासोका साथ हेरिएको छ ।



सीपीसी र नेकपाको संयुक्त आयोजनामा गत वर्ष असोजमा काठमाडौंमा आयोजित कार्यक्रममा नेताहरू ।

**सकारात्मक छलफल**

पार्टीको आन्तरिक विवादमा सहमति खोज्न प्रधानमन्त्री एवं अध्यक्ष केपी शर्मा ओली र अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' बीच मंगलबार पनि तीन घण्टा बढी छलफल भएको छ । आन्तरिक विवाद बढेपछि असार १८ गतेबाट स्थायी कमिटी बैठक अनिश्चित बन्दै गएको छ । असार १६ गते बैठक बसेपछि १८ गते बोलाइएको थियो । तर, त्यसै दिन बाँकी पृष्ठ २ मा

# पार्टी र सांसदबाट सरिता गिरी निष्काशित

**लिम्पियाधुरा सहितको भूगोल समेटेर जारी नेपालको नक्सा संविधानको अनुसूचीमा राख्न संसदमा भएको मतदानमा पार्टीको ह्वीप नमानेकी सरिता गिरीलाई पार्टी र पार्टीबाट निस्कासन गरिएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ असार ।



पार्टीको ह्वीप नमानेपछि समाजवादी पार्टी, नेपालकी सांसद सरित ागिरीलाई पार्टीबाट निष्कासन गरिएको छ । लिम्पियाधुरा सहितको भूगोल समेटेर जारी नेपालको नक्सा संविधानको अनसुचीमा राख्न गरिएको मतदानमा पार्टी निर्णय बिपरीत विपक्षीमा उभिएकी सांसद गिरीलाई निष्कासन गरिएको हो ।

महासचिव रामसहायप्रसाद यादव नेतृत्वको तीन सदस्यीय कार्यदलले गिरीलाई कार्बाही गर्न सिफारिस गरिएको थियो । सिफारिस अनुसार, समाजवादी पार्टीले निष्कासन गर्ने निर्णय गरेको छ । समानुपातिक सांसद रहेकी गिरीलाई पार्टीबाट हटाइए सँगै सांसद पदबाट समेत मुक्त भएकी छन् ।

गिरी कार्बाहीमा परेसँगै उनको ठाउँमा लिला सिटौला सांसद बन्ने भएकी छन् । गिरी खस आर्य कोटाबाट सांसद बनेकी थिइन् । उनी कार्बाहीमा परेपछि दोस्रो स्थानमा नाम रहेको सिटौला सांसद बन्ने भएकी हुन् । बन्द सूचीमा गिरी पछाडि सिटौलाको नाम रहेकाले स्वत: सांसद बन्ने बाटो खुलेको छ ।

ललितपुर महानगरपालिका-१३ की सिटौला समाजवादी पार्टीका केन्द्रीय सदस्य हुन् । पुराना वामपन्थी सिटौलालाई नै पार्टीले सांसद बनाउने प्राथमिकतामा राखेको भएपनि गिरीले दबाव दिएपछि सिटौला रोकिएकी थिइन् ।

समाजवादी पार्टीसँग ६ जना समानुपातिक सांसद छन् । त्यस मध्ये एक मात्र पुरुष सांसद राजेन्द्र श्रेष्ठ हुन् भने बाँकी पाँच महिला छन् । समाजवादीले जनजातिबाट रेनुका गुरुङ, दलित महिलाबाट कलुदेवी विश्वकर्मा, मधेशी महिलाबाट रेणुकुमारी यादव र मुस्लिम महिलाबाट रुही नाज सांसद छन् ।

नेपाली काँग्रेसका सांसद ज्ञानुकुमारी छन्त्यालको निधन भएकाले उनी मुनि नाम रहेको सुवर्ण ज्वारचन पनि सांसद बन्ने निर्वाचन आयोगले जनाएको छ ।

# थापा २८औं आईजीपी



**काठमाडौं/मस-** सरकारले प्रहरी अतिरिक्त महानिरीक्षक शैलेश थापा क्षेत्रीलाई नेपाल प्रहरीको महानिरीक्षक पदमा बढुवा गरेको छ । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले थापालाई महानिरीक्षक नियुक्त गरेको हो । थापा प्रहरीको २८औं महानिरीक्षक हुन बरियतामा पहिलो नम्बरमा रहेका थापालाई बिहीबारबाट लागू हुनेगरी आईजीपी नियुक्त गरिएको हो । महानिरीक्षकका लागि थापासँग प्रहरी अतिरिक्त महानिरीक्षक हरिबहादुर पाल प्रतिस्पर्धामा थिए । २०४९ सालमा प्रहरी निरीक्षकबाट सेवा प्रवेश गरेका क्षेत्री र पाललाई सरकारले गत फागुन १५ गते प्रहरी अतिरिक्त महानिरीक्षकमा बढुवा गरेको थियो । थापाले २०७९ वैशाख १९ गतेसम्मका लागि प्रहरीको नेतृत्व गर्नेछन् ।

बहालवाला प्रहरी प्रमुख ठाकुर ज्ञवालीले भोली अवकास पाउँदैछन् । २०४९ सालमा प्रहरी निरीक्षकबाट सेवा प्रवेश गरेका क्षेत्री र पाललाई सरकारले गत फागुन १५ गते प्रहरी अतिरिक्त महानिरीक्षकमा बढुवा गरेको थियो । हाल क्षेत्री प्रहरीको मानवस्रोत तथा प्रशासन विभाग कार्यरत छन् ।

# आरडीटी परीक्षण रोक्ने सहमति

## ■राजधानीका यी २३ स्थान, जहाँ संक्रमित भेटिए ■संक्रमित संख्या १६ हजार नाघे

**राजधानी उपत्यका सहित देशभर स्वतन्त्र युवाहरूले आन्दोलन चर्काए पछि पीसीआर परीक्षण बढाउने निर्णय गरेको सरकारले आरडीटी परीक्षण रोक्ने सहमति गरेको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ असार ।

देशभर फैलिएको कोभिड-१९ को संक्रमण राजधानी उपत्यकामा पनि फैलिएको छ । राजधानीको २३ स्थानमा कोरोना संक्रमित फेला परेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । पछिल्लो २४ घण्टामा काठमाडौं, ललितपुर र भक्तपुरमा मात्रै २८ जनामा संक्रमण देखिएको थियो ।

मन्त्रालयका अनुसार, चन्द्रागिरि, बूढानीलकण्ठ, धुम्बाराही, तारकेश्वर, गोल्फुटार, ट्याङ्लाफाँट, धापासी, वसुन्धारा, नैकाप, टेकु, हाँडीगाउँ र कुलेश्वरमा संक्रमित भेटिएको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा वासुदेव पाण्डेले बताए ।

ललितपुरको धोबीघाट, चापागाउँ, कुपण्डोल, ग्वार्को, खाङ्वुबहाल, गोटीखेल, भैँसेपाटी, गोदाबरी र ठेचौं तथा भक्तपुरको बालकोट र गट्ठाघरमा संक्रमण भेटिएको उनले बताए । काठमाडौंमा १४, ललितपुरमा १० र भक्तपुरमा चार जनामा कोरोना संक्रमण देखिएको थियो ।

पछिल्लो २४ घण्टामा काठमाडौं उपत्यकामा २८ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आयोजना गरेको प्रेस ब्रिफिङमा मन्त्रालयका प्रवक्ता प्राडा जागेश्वर गौतमले काठमाडौंमा १४, ललितपुरमा १० र भक्तपुरमा चार जनामा कोरोना सङ्क्रमण देखिएको जानकारी दिए ।

जनस्वास्थ्य प्रयोगशाला टेकुमा गरिएको परीक्षणमा काठमाडौंका एक, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा काठमाडौंका १२ र त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा गरिएको परीक्षणमा एक जनामा कोरोना सङ्क्रमण पुष्टि भएको हो । पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमै गरिएको परीक्षणमा भक्तपुरका चार र ललितपुरका १० जनामा संक्रमण देखिएको हो ।

मंगलबार सबैभन्दा बढी बाजुरामा ५४ जनामा कोरोना संक्रमण देखिएको छ । अछाम र बैतडीका ११/११, महोत्तरीका नौ, धनुषा र अर्घाखाँचीका आठ/आठ, डोटीका सात, मोरङ र डडेल्धुराका छ/छ, सल्यान, रुकुम पश्चिम र नवलपसारीका पाँच/पाँच, सप्तरी, सुनसरी, दाङ, सुर्खेत र गोरखाका तीन/तीन, तनहुँ, पाल्पा र बर्दियाका दुई/दुई, झापा, सिन्धुली, सिन्धुपाल्चोक, धादिङ, कास्की, लमजुङ, नुवाकोट, पर्सा, रामेछाप, रुपन्देही, सप्तरी, रुकुम पूर्व, बागलुङ र कपिलवस्तुका एक/एक जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

पछिल्लो २४ घण्टामा मुलुकभर २०४ जना थपिए सँगै संक्रमित संख्या १६ हजार १६८ पुगेको छ । पछिल्लो २४ घण्टामा छ हजार १३३ नमूनाको पिसिआर विधिबाट परीक्षण गरिएको बाँकी पृष्ठ २ मा

# यूएईको ट्रान्सगार्ड कम्पनीबाट २५ सय नेपालीले रोजगारी गुमाए

**मध्यान्ह/संवाददाता**
काठमाडौं, २३ असार

काठमाडौं/मस- करिब १२ हजार नेपाली कार्यरत यूएईको एउटा कम्पनीमा २ हजार ५ सयभन्दा बढीले रोजगारी गुमाएका छन् । यूएईको ट्रान्सगार्ड ग्रुप नामको आउटसोर्सिङ कम्पनीमार्फत काम गर्दै आएका २ हजार ५ सय नेपालीले कोरोना महामारीले उत्पन्न संकटका कारण रोजगारी गुमाउनु परेको बताइएको छ ।

कम्पनीले एकैपटक उनीहरुको श्रम सम्झौता अन्त्य गरेपछि नेपालीले रोजगारी गुमाउने अवस्था आएको हो । रोजगारी गुमाएका कामदारहरुले युएईस्थित नेपाली दूतावासमा आफ्ना समस्या जानकारी गराएको बताइएको छ । कम्पनीले आफ्नै खर्चमा श्रमिकलाई नेपाल पठाउने प्रस्ताव गरेको भन्दै दूतावासले परराष्ट्र मन्त्रालयमा जानकारी पठाएको बताइएको छ । रोजगारी गुमाएका उनीहरुलाई खान बस्न कम्पनीले दिएपनि घर फर्किन नपाउँदा समस्या हुने नेपालीहरुको भनाइ छ ।

खाडी मुलुकहरुमा लकडाउन खुकुलो भएपछि पछिल्ला दिनमा कोरोना भाइरस संक्रमितको संख्यामा वृद्धि भइरहेको छ । संक्रमितहरुको संख्या बढेपछि खाडी क्षेत्रका मुलुकहरु विदेशी कामदारको संख्या घटाउनु पर्ने मान्यतामा पुगेका छन् ।

कुवेतले आप्रवासी कामदारहरुको संख्या ४० प्रतिशतमा झार्ने निर्णय गरेको छ । हाल कुवेतमा कुल जनसंख्याको ६० प्रतिशत विदेशी कामदार रहेका छन् । उक्त ६० प्रतिशतको संख्यामा रहेका कामदारलाई ४० प्रतिशतमा घटाउँदा ठूलो संख्यामा रहेका भारतीय कामदारको संख्या कम्तीमा ८ लाख कटौती हुने बीबीसीले उल्लेख गरेको छ । कुवेतमा हाल ७० हजार नेपाली कामदार कार्यरत रहेका छन् ।

विदेशी कामदार कटौती हुँदा नेपाली कामदारहरुले पनि रोजगारी गुमाउने खतरा बढेको छ । अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले विशेष गरी कतार, साउदी अरब, यूएई, कुवेतमा अर्थतन्त्रको वृद्धिदर नकारात्मक (३.९५) हुने प्रक्षेपण गरेको छ ।

## वैदेशिक रोजगार विशेष

### गुरुङले तत्कालका लागि बोर्ड सदस्य छोडे

काठमाडौं/मस- वरिष्ठ वैदेशिक रोजगार व्यवसायी हेम गुरुङले स्वास्थ्य तथा कोरोना लगायतका कारणले वैदेशिक रोजगार बोर्डको सदस्यको जिम्मेवारी निर्वाह गर्न नसक्ने बताएका छन् । व्यवसायी गुरुङले त्यससम्बन्धी जानकारी मंगलबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई दिएका हुन् । मन्त्रालयले (मन्त्रीस्तरको निर्णय गरी) वैदेशिक रोजगार ऐन २०६४ को दफा ३८ अनुसार असार १८ गते व्यवसायी गुरुङसहित नेपाल स्वास्थ्य व्यवसायी महासंघका अध्यक्ष कैलाश खड्कालाई बोर्डको सदस्यमा मनोनयन गरेको थियो । उनीहरुको कार्यकाल निर्णय भएको मितिले दुई वर्ष हुने उल्लेख छ ।

मन्त्रालयमा बुझाएको असमर्थता पत्रमा व्यवसायी गुरुङले आफु यसअघि पनि बोर्ड सदस्यका रुपमा दुई वर्ष बिताइसकेको र स्वास्थ्य लगायतका कारण जिम्मेवारी वहन गर्न असमर्थ रहेको उल्लेख गरेका छन् । पत्रमा व्यवसायी गुरुङले बोर्डमा रहेर आफ्नो योग्यता र क्षमता अनुसारको परिणाममुखी कार्य गर्ने अभिष्ट हुँदाहुँदै पनि विश्वव्यापी रुपमा फैलिरहेको कोभिड १९ को महामारीबाट सिर्जित विषम परिस्थिति र यसका कारण समग्र क्षेत्र विश्व अर्थतन्त्रमा पर्न गएको ऋणात्मक असरको अतिरिक्त वैदेशिक रोजगारको क्षेत्रमा देखिएको जटिलताको कारण र आफ्नो व्यक्तिगत अस्वस्थताका कारणले समेत तत्कालका लागि वैदेशिक रोजगार बोर्डको सदस्य पदमा रहेर काम गर्न असमर्थ रहेको उल्लेख गरेका छन् ।


# एकाउन्टेण्ट चाहियो

एक प्रतिष्ठित कम्पनीको लागि स्नातक तह उत्तीर्ण, कम्तीमा ३ वर्षको अनुभव भएको Word र Excel चलाउन जान्ने लेखा परीक्षण सम्बन्धी आधारभूत ज्ञान भएको एकाउण्टेण्ट चाहियो ।

सम्पर्क : बागबजार, फोन : ९८५११५११०३

# ४० प्रतिशत व्यक्ति बेरोजगारीका कारण लागूऔषधको कुलतमा

## लागूऔषध प्रयोगकर्ता २५ देखि २९ वर्ष उमेरका बढी




**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ असार

सरकारले पर्याप्त रोजगारी सिर्जना गर्न सके लागूऔषध नियन्त्रणमा ठूलो सहयोग पुग्ने एक अध्ययनले देखाएको छ। झण्डै ४० प्रतिशत व्यक्तिले बरोजगारीका कारण लागूऔषध प्रयोग गर्ने गरेकोले सरकारले रोजगारी सिर्जनाका लागि विशेष कार्यक्रम ल्याउनुपर्ने अध्ययनले देखाएको छ । सीमानाकामा चेकजाँच बढाउने, सचेतना कार्यक्रम गर्ने, निःशूल्क उपचारको व्यवस्था गर्ने र सीप विकासका कार्यक्रम गर्न सके लागू औषधको प्रयोग घटनाउन सकिने अध्ययनले देखाएको छ ।

कुल प्रयोगगकर्तामध्ये ३९ दशमलव ७ प्रतिशत बेरोजगारी, १५ दशमलव ९ प्रतिशत व्यापार र १५ दशमलव ६ प्रतिशत दैनिक ज्यालादारी गर्ने व्यक्ति रहेका छन् । यसैगरी नोकरी गर्ने, ११ दशमलव ७, अध्ययन ८ दशमलव ७, वैदेशिक रोजगारीमा रहेका ४ दशमलव १, कृषि क्षेत्रमा ३ र अन्य क्षेत्रमा कार्यरत शून्य दशमलव ६ प्रतिशत लागूऔषध प्रयोगकर्ता रहेका छन् ।

गृहमन्त्रालय लागूऔषध विभागका प्रमुख उपसचिव झंकनाथ ढकालका अनुसार लागूऔषध प्रयोग गर्नेको संख्या पनि बढ्दै गएको छ । केन्द्रीय तथ्यांक विभागको सहयोगमा गृहमन्त्रालयले गरेको अध्ययन अनुसार वि.स. २०६९ को तुलनामा २०७६ सालमा ५ दशमलव ६ प्रतिशतले प्रयोगकर्ताको संख्या बढेको छ । २०६९मा ९१ हजार ५ सय ३४ जना प्रयोगकर्ता रहेकोमा २०७६ सालमा गरिएको अध्ययनले त्यो संख्या बढेर १ लाख ३० हजार ४ सय २४ पुगेको उनले बताए ।

२०६९ मा गरिएको अध्ययनको तुलनामा २०७६ मा गरिएको अध्ययनले २५ देखि २९ वर्ष उमेर समूहका व्यक्ति लागूऔषधको बढी प्रयोग गर्छन् । साथीहरुको संगतले ६७ दशमलव ७ प्रतिशतले लागूऔषध प्रयोग गर्नेहरु रहेको अध्ययनले देखाएको छ । डुलन्ते विक्रेताबाट १४ दशमलव १, औषधि पसलबाट ८ दशमलव ४, अन्य पसलबाट ७ दशमलव २ र इन्टरनेको माध्यमबाट २ दशमलव ५ प्रतिशतले लागूऔषध प्रयोग गरिरहेका छन् ।

सबैभन्दा बढी ५१ दशमलव १ प्रतिशतले एकान्त ठाउँ र २० दशमलव ४ प्रतिशतले घरमै यसको प्रयोग गर्ने गरेका अध्ययनले देखाएको छ । झाडीमा १२ दशमलव ८, होटल तथा रेष्टुरेण्टमा २ प्रतिशत, पाटी पौवामा डेढ प्रतिशत, पुलमुनि ४ दशमलव ३ प्रतिशत लागूऔषध सेवन गर्नेहरु रहेका छन् । साथीसँगीको दवाबमा लागूऔषध प्रयोग गर्नेको संख्या बढी रहेको छ । ८९ दशमलव ४ प्रतिशतले साथीहरुको दवाबमा यसको प्रयोग गर्छन् । ७२ दशमलव १ प्रतिशले मनोरञ्जनका लागि, ६२ दशमलव ५ प्रतिशतले उत्सुकताका लागि, ४५ दशमलव ६ प्रतिशतले खुसी हुन, ३० दशमलव ६ प्रतिशतले मानसिक तनावका कारण यसको सेवन गर्ने गरेका छन् । यस्तै पारिवारिक समस्याका कारण १८ दशमलव ९, डिप्रेसनका कारण १४ दशमलव ९ र पढाइमा आउने समस्याका कारण ८ दशमलव ९ प्रतिशतले लागूऔषध सेवन गर्ने गरेको अध्ययनले देखाएको छ । लागूऔषध सेवनकर्तामध्ये १५ प्रतिशतमा हेपाटाइटिसको समस्या देखिने गरेको छ । मानसिक विचलन ४ दशमलव १ प्रतिशत, क्षयरोग ४ प्रतिशत, एचआइभी/एड्स ३ दशमलव ५ प्रतिशत र २ दशमलव ५ प्रतिशतमा एस.टि.डीको समस्या देखिने गरेको छ । ४७ दशमलव २ प्रतिशत प्रयोगकर्ताहरुले आफ्ना जीवन सुधारका लागि रोजगारी वृद्धि गर्नुपर्ने अपेक्षा राखेका छन् । ३६ दशलमव ९ प्रतिशतले निःशूल्क उपचार, २२ दशमलव ८ प्रतिशतले सीप विकास तालिमको व्यवस्था, २१ दशमलव १ प्रतिशतले सचेतना कार्यक्रम र १५ प्रतिशतले प्रभावकारी आपूर्ति नियन्त्रण गरे प्रयोगकर्ताहरुको जीवनमा सुधार ल्याउन सकिने अपेक्ष उनीहरुले गरेका छन् ।

### ‘लागूऔषध सेवनले विकासमा प्रभाव’

काठमाडौं/मस- गृहमन्त्री रामबहादुर थापाले युवा जनशक्ति लागूऔषधमा फसेकाले विकासमा प्रभाव परेको बताएका छन् । समाजको र राष्ट्रको विकासका लागि युवाहरुको अग्रणी भूमिका हुनेभएपनि लागूऔषध सेवनले प्रभाव परेको उनको भनाइ थियो । लागूऔषध प्रयोगकर्ताको सर्वेक्षण प्रतिवेदन २०७६ सार्वजनिकीकरण कार्यक्रममा गृहमन्त्री थापाले युवाशक्ति सबल, सक्षम र स्वस्थ भए समाज र राष्ट्रको विकासमा अग्रणी भूमिका खेल्ने बताए ।

प्रयोगकर्ताहरुको जीवनरक्षाका लागि यसको रोकथाम अनिवार्य भएको उनले बताए । मानव सभ्यता र संस्कृतिको रक्षा, समाज र राष्ट्र विकासका लागि लागू औषध नियन्त्रण जरुरी रहेको उनले बताए । गृहमन्त्री थापाले विश्वमहामारीका रुपमा फैलिएको कोरोना जस्तै लागूऔषध प्रयोगकर्ताहरु रहेको बताए । कोरोना जस्तै संक्रामक रोगको रुपमा यो फैलिँदै गएको उल्लेख गर्दै थापाले यसको नियन्त्रणका लागि एकतावद्ध भएर योजनावद्ध रुपमा अगाडि बढ्नुपर्ने संकल्प लिनुपर्ने बताए । मन्त्रालयले योजना नै बनाएर लागूऔषध विरुद्धको अभियान शुरु गरेको उनले बताए ।

# रातो मच्छिन्द्रनाथको रथारोहण स्थगित



**काठमाडौं/मस-** बुधबार (आज) हुने भनिएको रातो मच्छिन्द्रनाथको रथारोहण रोकिएको छ । कोरोना भाइरस संक्रमण उपत्यकामा बढदै गएकाले गुठी संस्थान ललितपुरले बुधबारका लागि निर्धारण गरिएको रथारोहण स्थगित गर्न निर्देशन दिएको हो ।

जिल्ला प्रशासन कार्यालयको निर्णय अनुसार रथारोहण स्थगित गर्न निर्देशन दिइएको गुठी संस्थान ललितपुरले जानकारी दिएको छ । कोरोनाका कारण रोकिएको रथ निर्माणसँगै ज्योतिषले असार २४ गते रातो मच्छिन्द्रनाथको मूर्ति रथारोहण गर्ने साइत निकालेपछि सोही अनुसार तयारी गरिएको थियो । तर गुठीको पत्र आएपछि पूर्वनिर्धारित कार्यक्रम स्थगित भएको छ । अब कोरोना संक्रमण कम भएपछि प्रशासनको परामर्शमा मात्रै रथारोहणको नयाँ साइत निकालिने बताइएको छ । जिल्ला प्रशासन कार्यालयले यसअघि नै रथारोहणको साइत निकल्दा परामर्श नगरिएको भन्दै असन्तुष्टि जनाएको थियो । कोरोना भाइरसका कारण स्थगित भएको ललितपुरको रातो मच्छिन्द्रनाथको रथ जात्रा लकडाउन खुकुलो भएसँगै पुल्चोकमा ३२ हात अग्लो रथ निर्माण भने अन्तिम चरणमा पुगेको छ ।

चैत २७ गते महास्नान गरेर वैशाख १२ गते पुल्चोकमा रथारोहण गर्नुपर्ने भएपनि लकडाउनका कारण रथ निर्माण हुन नसकेपछि रोकिएको छ । अहिले मच्छिन्द्रनाथको मूर्तिलाई मच्छिन्द्रबहालमा रहेको भजनपाटीमा राखिएको छ ।

खडेरीबाट मुक्त हुनको लागि ललितपुरमा सबैभन्दा लामो समय मनाइने रथ निर्माणपूर्व विधिपूर्वक मछिन्द्रनाथलाई स्नान गराएर रथ निर्माणको काम गर्नुपर्नेमा चैतमा रथ निर्माणअघि नै सो काम स्थगित भएको सूचना जारी गरिएको थियो । तर समयमा रथयात्रा नगर्दा काठमाडौंवासीले ठुलो खडेरीको सामना गर्नुपर्ने भयका कारण रथ निर्माणको काम सुरु गरिएको भए पनि कोरोनाका संक्रमित थपिएका कारण पुनः रथारोहरण स्थगित गरिएको तलेजु भवानी मन्दिर पाटनका पुजारी रक्षण राजोपाध्यायले जानकारी दिए ।

उनका अनुसार दशैंसम्म रथयात्रा नगर्ने हो भने रथलाई भक्तपुर लैजानुपर्छ भन्ने मान्यता रहेको छ । पहिले पनि गुठी संस्थानले लकडाउन सकिएलगत्तै क्षमा पूजा गरेर रथ निर्माण सुरु गरिने बताइएको थियो ।

लिच्छवीकालदेखि निरन्तर चल्दै आएको रातो मच्छिन्द्रनाथ रथयात्रा नेपालकै सबैभन्दा लामो जात्रा मानिन्छ । वैशाख कृष्ण पक्षको प्रतिपदादेखि सुरु हुने जात्रामा वैशाख शुक्ल पक्षको प्रतिपदाको दिनदेखि रथयात्रा सुरु गर्ने चलन छ । तर २०७२ सालमा गएको विनाशकारी भूकम्पको समयमा समेत तोकिएको मितिमा रथयात्रा हुन नसकेपछि ढिलागरी रथयात्रा गरिएको थियो ।

# ‘पत्रकारको पेसागत सुरक्षाको ग्यारेन्टी गर’




**काठमाडौं/मस-** श्रमजीवी पत्रकारको पेशागत सुरक्षाको माग गरिएको छ । पछिल्लो समयमा कोभिड-१९ को बहाना बनाएर मिडिया हाउसहरुले श्रमजीवी पत्रकारलाई निष्कासन गर्ने र तलब कट्टा गर्नेलगायतका गतिविधि गरेको भन्दै नेपाल पत्रकार महाङ्घले विरोधस्वरुप मंगलबार विभिन्न सञ्चारमाध्यममा कालो ब्यानर टाँसेको छ । श्रमजीवी पत्रकारहरुको समस्या देखिएको नागरिक दैनिक र एपी वान टेलिभिजनको कार्यालयमा मंगलबार कालो ब्यानर टाँसेर विरोध गरिएको हो । ब्यानरमा ‘श्रमजीवी पत्रकार ऐन पूर्ण रुपमा कार्यान्वयन गर’ र ‘पत्रकारको पेसागत सुरक्षाको ग्यारेन्टी गर’ लेखिएको छ । सोही अवसरमा महासङ्घ, काठमाडौं शाखाका अध्यक्ष शान्तराम विंडारीले पत्रकारको पेसागत सुरक्षाको आन्दोलनमा सहयोग र समर्थन गर्न सबैलाई आह्वान गरे ।

महासङ्घले कोभिड-१९ को महामारीका समयमा सञ्चार प्रतिष्ठानहरुले श्रमजीवी पत्रकार हरुलाई निष्कासन गर्ने, तलब कटौती गर्ने, बेतलबी बिदामा राख्ने र काम गर्ने वातावरण सृजना नगर्ने जस्ता कार्यविरुद्ध महासङ्घले दबाब र आन्दोलन गर्दै आएको छ । महासङ्घले उत्पन्न समस्या समाधान गर्न सञ्चार प्रतिष्ठानहरुमा कालो ब्यानर राख्ने, धर्ना दिनेजस्ता आन्दोलनका कार्यक्रम र वार्ता तथा कानूनी उपचारको बाटो एकसाथ अवलम्बन गरेको छ ।

# ‘संकटमा पनि सरकारको प्राथमिकता कुर्सी जोगाउने भयो’



**काठमाडौं/मस-** नेपाली कांग्रेसका महामन्त्री डा शाशंक कोइरालाले कोरोनाका कारण संकटमा परेको मुलुकलाई कम्युनिष्ट सरकारले कुनै नयाँ योजना दिन नसकेको बताएका छन् । सामाजिक लोकतन्त्रका लागि ऐक्यवद्धता नेपालले आयोजना गरेको वीपीको प्रजातान्त्रीक समाजवाद र आगामी महाधिवेशन विषयक कार्यक्रममा महामन्त्री कोइरालाले सरकारले रेल पानी जहाजका सपना बाँडेर जनताबाट भोट पाएपनि संकटका बेलामा जनतालाई जोगाउने भन्दा कुर्सी जोगाउन लागेर असली चरित्र देखाएको बताए ।

उनले नेपाली कांग्रेसले अबलम्बन गरेको प्रजातान्त्रीक समाजवाद गरिब नागरिकलाई कसरी धनी बनाउने भन्ने चिन्तन भएको बताए । गरिबलाई धनी बनाएर धनी र गरिबबीचको दुरी कम गर्ने वीपी कोइरालाको प्रजातान्त्रीक समाजवादी चिन्तन भएको महामन्त्री कोइरालाको भनाइ थियो ।

महामन्त्री कोइरालाले नेपाली कांग्रेसको संगठनलाई एकताबद्ध बनाउन र आम नेता कार्यकर्तामा उर्जा थप्नका लागि पनि १४ औं महाधिवेशन आवश्यक भएको बताउदै महाधिवेशन तोकिएको समयमा नै गर्न केन्द्रीय समिति तयार रहेको स्पष्ट पारे । उनले महाधिवेशनका लागि नयाँ संरचना अनुसारको समायोजनको काम, क्रियाशील सदस्यताको काम सकेपछि महाधिवेशन प्रक्रिया अगाडि बढ्ने बताए ।

१४ औं महाधिवेशनले कांग्रेसमा नयाँ सन्देश र नयाँ उर्जा थप गर्ने कोइरालाको भनाइ थियो । कार्यक्रममा नेपाली कांग्रेसका प्रभावशाली नेता डा मिनेन्द्र रिजालले नेपाली कांग्रेसका तत्तकालिन सभापति सुशील कोइरालाको नेतृत्वमा बनेको संविधानमा वीपी कोइरालाले परिकल्पना गरेको समाजवादी व्यवस्थालाई समेटिएको बताए ।

उनले कम्युनिष्टहरुले समाजवाद उन्मुख समाजवाद उन्मुख भन्ने गरेकाले धेरैमा भ्रम परेको भन्दै वीपी कोइरालाले परिकल्पना गरेको जस्तै समाजवादलाई संविधानमा व्यवस्था गरेको बताए । कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य नविन्द्रराज जोशी, किरण यादवले पनि वीपी कोइरालाको प्रजातान्त्री समाजवादका विषयमा आ आफ्नो धारणा राखेका थिए ।

नेपाल विद्यार्थी संघको पूर्व महामन्त्री मनोजमणी आचार्यले संचालन गरेको कार्यक्रममा नेविसंघका पूर्वमहामन्त्री प्रतिमा गौतमले सहभागिहरुलाई स्वागत गरेकी थिइन भने नेविसंघ कै पूर्वउपाध्यक्ष प्रमोदहरी गुरागाँईले वीपीको प्रजातान्त्रीक समाजवाद र आगामी महाधिवेशनका विषय विषय प्रवेश गराएका थिए ।

# बिहीबारदेखि बाढीपहिराको जोखिम



काठमाडौं/मस- आगामी बिहीबारदेखि शनिबारसम्म बाढीपहिराको जोखिम बढ्ने भएको छ । मनसुन न्यूनचापीय रेखा नेपालको तराई भूभाग नजीक रहने भएकाले बिहीबार रातिदेखि नेपालमा मनसुन थप सक्रिय भई बाढीपहिराको जोखिम बढ्ने सम्भावना रहेको वरिष्ठ मौसमविद् मीनकुमार अर्यालले बताए । मनसुन सक्रिय भएसँगै नेपालका धेरैजसो स्थानमा लगातार वर्षाका साथै तराई र पहाडका केही भूभागमा भारी वर्षासमेत हुने बताइएको छ ।

तराईका भूभागमा पानीको बहाव बढ्ने र पहाडमा पहिरो जाने, सडक तथा हवाई यातायात प्रभावित हुने तथा ढलपानीको राम्रो निकास नभएका ठाउँमा डुबानसमेत हुन सक्ने भएकाले मौसम पूर्वानुमान महाशाखाले आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ । त्यस्तै बाढी पूर्वानुमान महाशाखाले प्रदेश १ र २ का तराईका भूभागमा बढीको जोखिम बढी हुने जनाएको छ । ती क्षेत्रमा पूर्वतयारीमा जुट्न सबैमा आग्रह गरिएको छ ।

हाल देशभर सामान्य बदली रही प्रदेश नं १, वाग्मती र गण्डकी प्रदेश, प्रदेश नं ५ तथा सुदूरपश्चिम र कर्णाली प्रदेशका केही स्थानमा हल्का वर्षा भइरहेको छ । आज दिउँसो देशभर सामान्य बदली रही देशका धेरैजसो स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

# कवाड टिप्ने हुलिया बनेर सुन चोरी

**काठमाडौं/मस-** आपराधिक समूहले विभिन्न उपाए अपनाउँदै चोरी तथा अपराध गर्ने गरेका छन् । कसैले साथी बनाएर त कसैले आफन्त बनाएर चोरी गरेका घटना यसअघि सार्वजनिक भएका थिए । यसपाली भने कवाड टिप्ने हुलिया बनाएर सुन पसलको निगरानी गरी चोरी गरेको खुल्न आएको छ । महानगरीय अपराध महाशाखाका अनुसार रातको समयमा काठमाडौं उपत्यकाका सुन चाँदी पसलको सटर फोरेर चोरी गर्ने व्यक्तिको खोजतलास गर्ने क्रममा उक्त तथ्य फेला परेको महाशाखाका प्रहरी उपरीक्षक ईश्वर कार्कीले जानकारी दिए । अनुसन्धानका क्रममा उनीहरुले कागज बोतल सङ्कलन गर्ने व्यक्ति (कवाड टिप्ने व्यक्ति) को हुलिया बनाइ साइकल लिई विभिन्न सुनचाँदी पसलको हप्ता दिनसम्म रेकी गरी मानिसको चहलपहल नहुने स्थानमा रहेको सुनचाँदी पसलको सटर फोरेर चोरी गरेको तथ्य फेला परेको हो ।

उक्त गिरोहले गत फागुन १८ गते लाजिम्पाटस्थित दिलीपकुमार श्रेष्ठले सञ्चालन गरेको पवि ज्वेलर्समा रहेको एक किलो १५० ग्राम सुनका गरगहना र आठ किलो ५६० ग्राम चाँदीका गरगहना तथा नगदसमेत गरी रु ८५ लाख, ८५ हजार चोरी गरी लगेका थिए ।घटनाको अनुसन्धानका सिलसिलामा महाशाखाबाट खटिएको विशेष टोलीले आइतबार मोरङ उर्लाबारीबाट सुमित भन्ने गङ्गाबहादुर तामाङ र बुद्धबहादुर माझीलाई र सोही घटनामा फरार रहेका बिक्रम भन्ने जङ्गबहादुर माझीलाई सोमबार दरबारमार्गबाट पक्राउ गरिएको महाशाखाले मंगलबार एक सूचना जारी गरी जनाएको छ ।

उक्त घटनामा संलग्न रहेका एक जना भने केन्द्रीय कारागारमा सजाय भुक्तान गरिरहेको तथा अन्य दुई भारतीय मुलका फरार अभियुक्तको खोजी जारी रहेको प्रहरी उपरीक्षक कार्कीले जानकारी दिए । उनीहरु दुईवटा समूहले जेलमा बस्दा चिनजानको आधारमा छुटेपश्चात पुनः भेला भई जेल छुट भएको एक महिना नबित्दै आफ्नो म्यादीलाई समेत बोलाइ चोरी गरेको फेला परेको छ ।

### नेकपा...

प्रधानमन्त्रीले संसद अधिवेशन अन्त्य गर्ने आकस्मिक निर्णय गरेपछि २२ असारमा बैठक बोलाइएको थियो । असार २२ गते पनि बैठक बस्न नसकेपछि आजका लागि बैठक बोलाइएको छ ।

तर, आजको बैठक भने स्थगित नगर्नेगरी दुई अध्यक्ष बीच सहमति जुटेको अध्यक्ष दाहालका प्रेस संयोजक विष्णु सापकोटाले बताए । उनका अनुसार, दुई अध्यक्षले आजको बैठक अगाडि शीर्ष नेताहरुसँग पनि सम्वाद गर्ने भएका छन् ।

गएको असार १० गतेदेखि चालु स्थायी कमिटीको बैठकमा सरकार हटाउन छिमेकी भारत र नेता भित्रभित्र लागेको भन्ने प्रधानमन्त्री ओलीको पछिल्लो अभिव्यक्ति र नेकपा (एमाले) नामक पार्टी निर्वाचन आयोगमा दल दर्ताको निवेदन परेको विषयले प्रवेश पाएपछि नेताहरु बीचको दूरी बढेको छ । यी नयाँ विषयले पूर्वानिर्धारित कार्यसूची प्रभावित हुँदै आएका छन् ।

असार १८ गते संसद अधिवेशन स्थगित गरिएपछि राजनीनितक दल सम्बन्धी खारेज भएको अध्यादेश पुनः ब्यूँतने संशयले नेकपाभित्र तरंग उत्पन्न भएको छ । तर, प्रधानमन्त्री ओलीले यस्तो कदम नचाल्ने प्रतिबद्धता जनाएपछि बैठक पुनः शुरु हुन लागेको हो ।

असार १४ गते जननेता मदन भण्डारीको जन्मजयन्तीका अवसरमा प्रधानमन्त्री ओलीले आफूले लिम्पियाधुरा, लिपुलेक र कालापानीसहितको नक्सा जारी गरेबापत सरकार हटाउन भारतीय पक्ष र देशभित्रैबाट पहल भएपनि नक्सा छापेबापत सरकार परिवर्तन हुने नेपालको राष्ट्रियता त्यति कमजोर नभएको अभिव्यक्ति दिएका थिए । बैठकमा स्थायी कमिटीमा नेपालको सीमा समस्या र समाधान, सरकारको समग्र समीक्षा, कोरोना रोकथाम र उपचार, पार्टी एकताका बाँकी काम, एमसीसीलगायत कार्यसूची छन् ।

### आरडीटी...

प्रवक्ता गौतमले जानकारी दिए । हालसम्म पिसिआर विधिबाट दुई लाख ६१ हजार ८६१ नमूना परीक्षण गरिएको मन्त्रालयले जनाएको छ ।

नेपाल वायुसेवा निगम नेपाल एयरलाइन्सका तीन पाइलटसहित नौ उडान कर्मचारीमा कोभिड-१९ संक्रमण पुष्टि भएको छ । चार्टर्ड उडानमा सहभागी चालक दलका नौ सदस्यको पिसिआर रिपोर्ट पोजेटिभ देखिएको निगमका प्रवक्ता अर्चना खड्काले जानकारी दिए । सोमबार सात जनामा संक्रमण देखिएको थियो । चालक दलका अन्य सात जनाको पिसिआर परीक्षण गर्दा थप दुई जनामा कोभिड-१९ संक्रमण पुष्टि भएको छ ।

यस्तै सरकारले आरडीटी परीक्षण रोक्ने सहमति गरेको छ । स्वतन्त्र युवाहरुको समूहसँग सरकारले आरडीटी परीक्षण रोक्ने सहमति जनाएको हो ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**सडक विभाग**
**संघिय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं**
**सडक डिभिजन काठमाडौं, मिनभवन**
(प्रकाशित मिति : २०७७।०३।२४)

वलम्वु स्थित नेपाल ए.पि.फ. अस्पताललाई COVID-19 Dedicated Hospital को रुपमा तोकिएको र COVID-19 सम्वन्धि विरामीलाई ट्रलिमा राखी ICU तर्फ आवजजावत गर्नु पर्ने र फोहर व्यवस्थापन तथा शवगृहको लागि ट्रलिमा राखी आवतजावत गर्नु पर्ने भएकोले ग्राभेल बाटोमा आवतजावत गर्न तथा उपकरणहरु संचालन गर्न वाधा भई उपचारमा कठिनाई भइरहेको हुंदा उक्त सडक यथाशिघ्र कालोपत्रे गरिदिन नेपाल ए.पि.फ. अस्पतालबाट अनुरोध भएकोमा Lockdown को अवस्था रहेकोले श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको निर्देशन वमोजिम विशेष परिस्थितिको अधिनमा रही उक्त अस्पताल जाने सडक कालोपत्रे गरिएको र उल्लेखित कार्य तपसिल वमोजिम मू.अ.कर सहित रु. २९४४६४७.०० रहेको व्यहोरा सार्वजनिक खरीद नियमावली,२०६४ (दशौं संशोधन, २०७७) को नियम १४५(३) को प्रयोजनार्थ सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | कार्य विवरण | निर्माण व्यवसायी | मू.अ.कर सहितको रकम रु. |
|---|---|---|---|
| १ | सडक कालोपत्रे गर्ने कार्य | नयांयुग निर्माण सेवा प्रा.लि. | २९४४६४७.०० |

**डिभिजन प्रमुख**

# सन्दीप डेढ करोडमा सिपीएलमा अनुबन्धित



**काठमाडौं, रासस**–नेपालका क्रिकेट खेलाडी सन्दीप लामिछाने क्यारेबियन प्रिमियर लिग (सिपीएल) सिजन २०२० को खेलाडी ड्राफ्टमा एक करोड ५६ लाखमा अनुबन्धित भएका छन् ।

उन्नाइस वर्षीय लामिछानेलाई यस यामको सिपीएलका लागि जमैका तलावाजले एक लाख ३० हजार अमेरिकी डलरमा अनुबन्ध गरेको हो । जमैका तलावाजले उनलाई दोस्रो राउन्डमा छनोट गरेको हो । ड्राफ्टका लागि २३ देशका ५३७ खेलाडीले नाम दर्ता गराएका थिए । सन्दीपले सिपीएलका लागि आफ्नो अनुबन्धित मूल्य ९० हजार अमेरिकी डलर तोकेका थिए ।

सन्दीपसँगै अफगानिस्तानका अलराउन्डर मोहम्मद नाबी र अस्ट्रेलियाका बेन डंक पनि सिपीएलका लागि एक लाख ३० हजार अमेरिकी डलरमा अनुबन्धित भएका छन् । सन्दीप सिपीएलका लागि तेस्रोपटक अनुबन्धित भएका हुन् ।

यसअघि उनी सिपीएलको पहिलो संस्करण सन् २०१८ मा सेन्ट किट्स एण्ड नाभिस प्याट्रियट्सका लागि पाँच हजार तथा दोस्रो संस्करण सन् २०१९ मा बार्बाडोस ट्राइडेन्सका लागि ७० हजार अमेरिकी डलरमा अनुबन्धित भएका थिए ।

यस वर्षको सिपीएल ट्रिनिडाड एण्ड टोबागोमा आगामी अगस्ट १८ देखि सेप्टेम्बर १० तारिखसम्म आयोजना गरिने भएको छ । कोरोना भाइरसका कारण उक्त समयमा प्रतियोगिता हुने नहुनेबारे भने अन्योल नै छ ।

# महामारीकै बीच पर्यटकका लागि दुबई खुल्यो



**दुबई,एपी** – कोरोनाभाइरसको महामारीकै बीच खाडी राष्ट्रमा किनमेल र पर्यटनका लागि निकै लोकप्रियता हासिल गरिसकेको दुबई पर्यटकका लागि मंगलबारदेखि खुलेको छ । यहाँ ठुल्ठूला सपिङ मलमा फ्रान्सेली फुटबल टिमका जर्सीदेखि अनेक सामानको किनबेच हुन थालेको छ । पर्यटक आवागमनको अनिश्चितता र कोरोनाभाइरससँग अझै धेरै मुलुकहरु जुधिरहेको अवस्थामा यहाँका ठूला सपिङ मल र पर्यटकीय गन्तव्यहरु खुला गरिएका छन् । पछिल्लो समय दुबईको मुख्य आम्दानीको स्रोत पर्यटन पनि हो ।

दुबई सुरक्षित छ भन्ने सन्देश प्रवाह गर्न यहाँको सरकारले प्रयास थालिसकेको छ । नजिकिँदै गएको हिउँदे महिनामा पर्यटकलाई यहाँ आमन्त्रण गर्न दुबईले तयारी थालेको छ ।

तर यसका लागि कोरोनाभाइरसको नियन्त्रण गर्नु संयुक्त अरब इमिरेट्स (युएई) का लागि फलामको च्यूरा चपाए सरह हुनेछ । युएईमा पनि कोरोनाभाइरसबाट संक्रमितहरु रहेका छन् र उनीहरुको उपचार जारी छ ।

मास्क र स्यानिटाइजरको प्रयोग अनिवार्य गरिएको दुबईमा थर्मोमिटरबाट प्रत्येक आगन्तुकको शरीरको तापक्रम नाप्ने व्यवस्था गरिएको छ ।

'मेरो विचारमा यस्ता कार्यले मानिसमा दुबई घुम्न आत्मविश्वास बढाउँछ,' दुबईस्थित रोभ होटल्सका कर्पोरेट निर्देशक पल ब्रिजरले भने । 'तैपनि मानिसमा विश्वास जागृत गराउन केही समय लाग्नेछ ।'

पर्यटकीय गन्तव्यका लागि दुबई पछिल्ला वर्षमा निकै प्रख्यात छ । यहाँका शासक शेख मोहम्मद बिन रसिद अल मक्तुमले दुबईलाई विश्वस्तरको आकर्षक शहर बनाउन कुनै कसर बाँकी राखेका छैनन् । विश्वकै अग्लो भवन बुर्ज खलिफा र बुर्ज अल-अबर लक्जरी होटल जस्ता संरचना निर्माण गरिएको दुबईमा विश्वकै सबैभन्दा व्यस्त विमानस्थल दुबई अन्तर्राष्ट्रिय विमानस्थल पनि रहेको छ । सन् २०१९ मा मात्र दुबईमा एक करोड ६७ लाख मानिसले भ्रमण गरेका थिए । अघिल्लो वर्ष यहाँ १ करोड ५९ लाख मानिसले भ्रमण गरेका थिए । यहाँ सबैभन्दा बढी पर्यटक भारत, साउदी अरेबिया, बेलायत, ओमान, चीन, रसिया र अमेरिकाबाट आएका थिए ।

दुबई घुम्न आउने पर्यटकहरुको औसत बसाई साढे तीन दिन रहेपनि पर्यटकका कारण यहाँका रेस्टुराँ, बार र रात्रिजीवन निकै खचाखच हुने गर्दथे । शारजाह सहित छिमेकी मुलुकहरु इरान, कुवेत र साउदी अरेबियामा मदिरा सेवनमा प्रतिबन्ध भए पनि दुबईको अर्थतन्त्रको मुख्य आकर्षणमा मदिराको खुला बिक्री वितरण पनि हो ।

तर दुबईमा जोखिम भने यथावत् छ । दुबईको राष्ट्रिय ध्वजाबाहक इमिरेट्सले कोरोनाभाइरसको जोखिम देखाउँदै हवाई उडान स्थगित गरेको छ ।

करिब ९० लाख जनसंख्या रहेको युएईमा ५० हजारभन्दा बढी व्यक्तिमा कोरोना संक्रमण पुष्टि भइसकेको छ । तर यीमध्ये करिब ४० हजार निको भइसकेका छन् भने ३२१ जनाको मृत्यु भएको छ । दुबई घुम्न चाहनेहरुका लागि प्रत्येक पर्यटकले गन्तव्यबाट उड्नु ९६ घण्टाअघि कोविड-१९ को परीक्षण गरेको हुनु पर्नेछ । अन्यथा, परीक्षण नगरेको अवस्थामा आगमनमै उनीहरुको परीक्षण गरिने तथा स्वास्थ्य प्रतिवेदन प्राप्त नहुँदासम्म आइसोलेसनमा बस्नु पर्नेछ । स्वास्थ्य प्रतिवेदन प्राप्त गर्न केही घण्टामै सम्भव हुने अधिकारीहरुले बताएका छन् ।

# एन्फाविरुद्ध अबहेलना मुद्दा दर्ता

**काठमाडौं, मस**- अखिल नेपाल फुटबल संघ (एन्फा) विरुद्ध सर्वोच्च अदालतमा अदालतको अवहेलना गरेको भन्दै मुद्दा दर्ता भएको छ ।

अधिवक्ता सुजित केसीले एन्फासहित अध्यक्ष कर्मा छिरिङ शेर्पा र प्रवक्ता किरण राई गरी तीन जनालाई विपक्षी बनाउँदै मुद्दा दर्ता गराएका हुन् ।

रौतहटको महिला फुटबल एकेडेमी गैरकानुनी रुपमा निर्माण गरिएको र त्यस मुद्दा विचाराधीन अवस्थामा रहेपनि एन्फा र पदाधिकारीले अदालतको आदेशलाई अवहेलना गरेको कारण मुद्दा दर्ता गरिएको केसीले जानकारी दिए । 'हालसम्म पनि सम्मानित अदालतमा मुद्दा विचाराधिन अवस्थामा नै रहेको छ । यसरी अन्तरिम आदेशको सम्बन्ध छलफल नभएको र अन्तरिम आदेश कायम नै रहेको अवस्था अदालतको आदेशको मर्म र भावना विपरित गई विपक्षीले कार्य गरेकोले यस सम्मानित अदालतको अपहेलना भएको छ,' सर्वोच्चमा दर्ता गरिएको निवेदनमा भनिएको छ ।

यस अघि केसीले नै गत माघ २१ गते रौतहटको सरकारी जग्गा कब्जा गरेर महिला फुटबल एकेडेमी बनाएको भन्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । त्यसपछि माघ २९ गते एकेडेमीका सम्बन्धमा भए गरेका निर्णयहरु कार्यान्वयन नगर्नु-नगराउनु भनि सर्वोच्चले अन्तरिम आदेश जारी गरेको थियो ।

तर, एन्फाको गत माघ २६ गते बसेको कार्यसमितिको बैठकले एकेडेमीको सम्बन्धमा थप निर्णय गर्नु सर्वोच्च अदालतको आदेश विरुद्ध भएको निवेदनमा उल्लेख गरिएको छ ।

एन्फाको त्यस बैठकले एकेडेमीबारे ३ निर्णय गरेको थियो । जसमा निर्माण सम्पन्नको प्रमाणपत्र बुझाएकोले त्यसलाई स्वीकृत गर्ने, ३९ लाख ५७ हजार १ सय १७ रुपैँया घेरा बार र गार्ड हाउस निर्माण तथा ४५ लाख ९७ हजार ७ सय १ रुपैँयामा फ्लोरिसिङको काम पनि टेक प्रालिलाई नै ठेक्का दिने अर्को निर्णय गरेको छ ।

त्यस्तै सो बैठकले सो एकेडेमीमा ५७ लाख ८६ हजार ८ सय ३ रुपैयाँ लागतमा फर्निसिङका लागि भनि नयाँ टेन्डर आह्वान गर्ने निर्णय समेत गरेको थियो ।

# बैजनाथपुर क्रिकेट मैदानको काम धमाधम

**विराटनगर, मस**- विराटनगरको वैजनाथपुर क्रिकेट मैदानको स्तरोन्नतीको काम जारी रहेको जनाइएको छ ।

प्रदेश सरकारको आर्थिक सहयोग र प्रदेश क्रिकेट संघको पहलमा जारी काम तीब्र गतिमा अघि बढेको नेपाल क्रिकेट संघ क्यानका सदस्य छुम्बी लामाले बताएका छन् ।

सामाजिक सञ्जाल फेसबुक मार्फत लामाले अन्तर्राष्ट्रिय स्तरको क्रिकेट भेन्यु बन्न सक्ने सम्भावना बोकेको यस मैदानमा पिच, साइड स्क्रिन, ड्रेसिङ रूम र गोदाम निर्माणदेखि बोरिङ्ग र वाटर सप्लाईको काम भइरहेको बताएका हुन् ।

साथै उनले मैदानलाई थप सुविधा सम्पन्न बनाउन प्रदेश सरकारले अझै सहयोग गर्ने प्रतिबद्धता जनाएको पनि लेखेका छन् । कोरोना भाइरसको महामारीका कारण अहिले पनि सामाजिक दूरी कायम राख्दै काम भइरहेको जनाइएको छ । उक्त मैदानका लागि संघीय सरकारले आगामी आर्थिक वर्षका लागि पनि १० लाख रुपैयाँ विनियोजन गरेको छ ।

# जापानमा बाढीबाट ५० को मृत्यु

**टोकियो, एपी**- जापानको दक्षिणी नगरहरुमा भारी वर्षासँगै आएको बाढी र पहिरोका कारण ५० जनाभन्दा बढीको मृत्यु भएको छ भने दर्जनौं व्यक्ति अझै बेपत्ता भएका छन् ।

सेना सहितका उद्धारकर्ताहरुले मंगलबार बिहानैदेखि उद्धार र बेपत्ता मानिसको खोजीलाई तिब्र बनाएका छन् । जापानको दक्षिणी क्षेत्र क्युसुमा गत शुक्रबारदेखिको भिषण वर्षाका कारण बाढीले व्यापक जनधनको क्षति गरेको अधिकारीहरुले बताएका छन् । मौसम पूर्वानुमान विभागका अनुसार क्युसुलाई केन्द्रविन्दु बनाएर अझै ठूलो वर्षा हुने देखिएको छ । जापानको पश्चिमी आधाजसो भागलाई प्रभावित तुल्याएको वर्षा पूर्वी क्षेत्रतर्फ अघि बढेको देखिएको छ । फुकुओकामा जापानी सेनाले मानिसलाई निकै जोखिमका साथ घरघरबाट उद्धार गरिरहेका दृश्यहरु स्थानीय टेलिभिजनले प्रशारण गरिरहेका छन् । फुकुओकामा एक अधवैंसे महिला आफ्ना परिवारजनको उद्धारका लागि गए पनि बाढीको पानी उनको घाँटीसम्म पुगेको थियो ।

विपद व्यवस्थापन विभागले कुमामोतोको नदी किनारा क्षेत्रबाट मात्र ४९ जनाको शव निकालिएको जनाएको छ । अर्की एक वृद्धा भने घरभित्रै मृत अवस्थामा भेटिएकी थिइन् ।

# अफगान सरकारले थप तालिवानलाई रिहा नगर्ने

**काबुल, सिन्हुवा**- अफगानिस्तानको सरकारले देशको जेलमा रहेका र यहाँको सरकारले रिहा गर्न बाँकी रहेका तालिबानी लडाकूहरुलाई अब रिहा नगरिने जनाएको छ ।अफगानिस्तानका राष्ट्रपति असरफ घानीले केही महिनायतादेखि अफगानिस्तानको जेलमा रहेका तालिबानी लडाकूहरुलाई रिहा गरेका थिए । उनले करिब चार हजार जना तालिबानीहरुलाई रिहा गरिसकेको जनाइएको छ । देशको जेलमा रहेका करिब पाँच हजार जना तालिबानहरुलाई रिहा गर्ने बताएका थिए । तर पनि अब यो पछिल्लो लटमा रिहा गर्ने भनिएका करिब छ सय जना भने गम्भीर खालको अपराधमा संलग्न रहेकोले उनीहरुलाई रिहा नगरिने उनले बताएका हुन् । अफगानिस्तानमा हिंसा मच्चाइरहेका तालिबानीहरुसँग सरकारले वार्ता गर्ने तयारी गरेको बताइएको छ । त्यसैले सो वार्ताको लागि पूर्व शर्तका रुपमा अफगानिस्तानको जेलमा राखिएका सबैजना आफ्ना सदस्यहरुलाई रिहा गर्नुपर्ने माग तालिबानी संगठनले गरेको छ ।

यसै अनुरुप करिब चार हजारजना जति लडाकू रिहा गरिसकिएको भन्दै राष्ट्रपति घानीले अब बाँकीलाई भने उनीहरुले विगतमा गम्भीर अपराध गरेकोले रिहा नगरिने र उनीहरुलाई रिहा गर्ने माग नराख्न भनेको टोलो न्युजले जनाएको छ । अमेरिकाले अफगानिस्तानका तालिबानहरुसँग शान्तिवार्ता गर्ने पहल गरेको छ । केही महिनाअघि अमेरिकाले तालिबान र अफगानिस्तनको सरकारका प्रतिनिधिसँग पनि वार्ता गरेको थियो ।


## बीमालेख हराएको सूचना

मिति २०७७/०२/०१ गते गोंगबुबाट चाबहिलसम्म जाँदा एनआईसी एसियाबाट मेरो नाममा जारी भएको निम्न बमोजिमको बीमालेख हराएको हुँदा फेलापार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय, वा तलको ठेगानामा उपलब्ध गराईदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

**नाम** : **रूपा नेपाली**
**ठेगाना** : **आरूघाट-१०, गोरखा**
**बीमालेख नं.**: **१०७००३९१५**
**सम्पर्क** : **९८५११७१४३५**

## मोटरसाइकल हराएको सूचना

मिति २०७६।११/२३ गते बेलुका ०६:३० बजे का.जि.कागेश्वरी मनोहरा न.पा.०८ गोठाटार, काठमाण्डौ स्थित डेराकोठाको कम्पाउण्डबाट लु ५९पा ७५४४ नं. को रातो/कालो रङ्गको पल्सर, २२० सि.सि.को मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरीदीनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनी : विश्वराज तामाङ्ग**
**ठेगाना : बाह्रबिसे न.पा.-३, सिन्धुपाल्चोक**
**च्यासिस नं**: MD2A13EY5KCH 95868
**इन्जीन नं** : DKYCKH 57159
**सम्पर्क : ९८१३२९८०२१**

## मोटरसाइकल हराएको सूचना

मिति २०७६।०९।०४ गते टोखा न.पा. वडा नं. ०८ बानियाटार घर अगाडी पार्किङ गरी राखेको ठाउबाट प्रदेश ३-०२-०११ प ६९४४ नं. को कालो रङ्गको पल्सर २२० सि.सि.को मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरीदीनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनी : नन्द किशोर चौधरी**
**ठेगाना : सुरुङ्गा-८, सप्तरी**
**च्यासिस नं**: MD2A13EY3KCD 86199
**इन्जीन नं** : DKYCKD 71006
**सम्पर्क : ९८५१०५४३९३**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०३/२४

यस कम्पनीको मिति २०७१/१०/०४ मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **हिमालय एक्सपीडिसन्स ईकं प्रा.लि. (प्रा.लि.नं. १९२८३०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७२/०४/१४ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **हिमालय एक्सपीडिसन्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७७/०३/२४

यस कम्पनीको मिति २०७६/१२/०४ मा सम्पन्न विशेष/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **इशा एण्ड इशिका यातायात एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि.नं. १९२८३०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/०२/२६ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **इशा एण्ड इशिका कन्स्ट्रक्शन एण्ड सप्लायर्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

## पि.एस.जि. इन्टरनेशनल प्रा.लि.को हकदाबी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वरमा दर्ता भएको पि.एस.जि. इन्टरनेशनल प्रा.लि. (प्रा.लि. नं. १३१५१६/०७१/०७२ को मिति २०७६/११/२९ को विशेष साधारणसभाले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय बानेश्वर, काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्याद भित्र हक दी गर्न नआए उक्त कम्पनीको दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेज गरिनेछ ।

**लिक्वीडेटरः तेजप्रसाद खराल, इजाजत पत्र नं. १२७**
**फोन नं.** ९८५१०१९५२८, E-mail : semmantamani@gmail.com

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
**Department of Roads**
**Federal Highway Supervision & Monitoring Office Itahari**
**Roads Division Damak**

## Notice to Open Financial Bids

**Date of Publication: 2077/03/24**

1. Persuant to Rule 31(nga), Sub Rule 5 of Public Porcurement Regulation 2064 (including amendments), this is hereby notified to all concerned bidders who bidded as per our notice No. 11-076/77 dated 2076/11/11 published on "Himalaya Times" and notice No. 12-076/77 dated 2076/11/18 published on "Rajhdhani Rastriya Dainik" that the list of successful bidders in technical proposal have been listed below.

**List of Successful Bidders:**

| Bid Notice No. | Contract Identification No. | Name & Address of Bidders. |
|---|---|---|
| 11-076/77 | RD-DMK/33701143-4/2076/77-40 | 1. Himdung & Thokar-Saroj JV, Birtamode, Jhapa. |
| | | 2. Rautaha-Shanti JV, Mechinagar, Jhapa. |
| | | 3. Safal-Khanal JV, Kathmandu. |
| | | 4. Diwa-Niagra-Jhapali JV, Birtamode, Jhapa. |
| | RD-DMK/33701143-4/2076/77-41 | 1. Diwa-Niagra-Jhapali JV, Birtamode, Jhapa. |
| | RD-DMK/33701143-4/2076/77-42 | 1. Dev & Sayar/S.A.S JV, Jhapa. |
| | | 2. Khanal Construction Pvt.Ltd., ilam. |
| | RD-DMK/33701143-4/2076/77-43 | 1. Khanal Construction Pvt.Ltd., ilam. |
| | RD-DMK/33701143-4/2076/77-44 | 1. Mangsuwa/Kharidhunga JV, Jhapa. |
| | | 2.Lumbini-Arghakhachi JV, Kathmandu. |
| | | 3. Diwa-Niagra-Jhapali JV, Birtamode, Jhapa. |
| | RD-DMK/33701143-4/2076/77-45 | 1. Safal-Khanal JV, Kathmandu. |
| | | 2. Dev & Sayar/S.A.S./Jaya Laxmi JV, Jhapa. |
| | RD-DMK/33701143-4/2076/77-46 | 1. Mangsuwa/Kharidhunga JV, Jhapa. |
| | | 2. Saroj/World Trade JV, Jhapa. |
| | | 3. RK Nirman Sewa, Sunsari. |
| | | 4. CM-Jhapali-Jaljale JV, Jhapa. |
| | | 5. Khanal Construction Pvt.Ltd., Ilam |
| | RD-DMK/33701143-4/2076/77-47 | 1. Satashi Nirman Sewa Pvt.Ltd., Jhapa. |
| | | 2. Khanal Construction Pvt.Ltd., Ilam. |
| | RD-DMK/33701143-4/2076/77-48 | 1. Kanchanjunga-Shanti JV, Jhapa. |
| | | 2. Safal-Khanal JV, Kathmandu. |
| | | 3. Saroj-World Trade JV, Jhapa. |
| | | 4. Mahadev Khimti-Anjana-RK JV, Jhapa. |
| 12-076/77 | RD-DMK/33701143-4/2076/77-55 | 1. Khanal Construction Pvt.Ltd., Ilam. |
| | | 2. Shanti Nirman Sewa, Jhapa. |

2. All the Qualified Bidders in technical Bids are therefore, notified to send their authorized representative for financial bid opening on Bids on 2077/03/31 at 12:00 hrs in the Roads Division Damak.

**Division Chief**

### अर्थसमितिको सिफारिस

# शेयर कारोबारमा ३ तहको कर लगाउनु, बैंकलाई ब्रोकर लाइसेन्स दिनु

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ असार

मुलुकको धितोपत्र बजारलाई थप प्रभावकारी र अन्तर्राष्ट्रियस्तरको बनाउने लक्ष्यसाथ संसद्को अर्थ समितिले गठन गरेको उपसमितिले मंगलबार प्रतिवेदन पेश गरेको छ। समितिका सदस्य रामकुमारी झाँक्री संयोजक, प्रमिला राई, मेटमणि चौधरी, रामबाबु कुमार यादव र हेमकुमार राई सदस्य रहेको उपसमितिले झण्डै एक वर्ष लगाएर अध्ययन गरेको प्रतिवेदन मंगलबार पूर्ण समितिमा पेश भएको हो।



समितिले २०७६ साउन २९ गते उक्त उपसमिति गठन गरेको थियो। पूँजी बजार र मुद्रा बजारसँग सम्बन्धित समस्या, ती समस्या सिर्जना हुनाका कारण, सम्बन्धित निकायबाट भइरहेको कामकारबाही र समाधानका लागि गर्नुपर्ने नीतिगत, संरचनागत र व्यवस्थापकीयलगायत विषयमा सुझावसहितको पेश गर्ने लक्ष्यका साथ उपसमिति गठन भएको थियो।

उपसमितिले लामो समयदेखि माग हुँदै आएको नेपाल राष्ट्र बैंकबाट 'क' मान्यता प्राप्त वाणिज्य बैंक र 'ख' वर्गका विकास बैंकलाई समेत शेयर कारोबार गर्नेगरी 'ब्रोकर लाइसेन्स' दिने व्यवस्था गर्नुपर्ने सुझाव दिएको छ। धितोपत्रको दोस्रो बजारको पुहँच देशव्यापी बनाउने लक्ष्यका साथ बैंकले सहायक कम्पनी स्थापना गरी धितोपत्र दलाल व्यवसायी सेवा दिन सक्ने उपसमितिको प्रतिवेदनमा उल्लेख छ।

वाणिज्य बैंकले सहायक कम्पनी स्थापना गरी धितोपत्र दलाल व्यवसायको अनुमति दिनुभन्दा पहिले केही प्रश्नहरूको भने सम्बोधन गर्नुपर्ने सुझाव दिएको छ। त्यसमा सहायक कम्पनी र मुख्य कम्पनीबीचको अन्तरसम्बन्ध तथा शेयर खरिद बिक्री कारोबारको सीमा के हुने, भित्री कारोबारलाई नियन्त्रण वा निरुत्साहन गर्न कानूनी व्यवस्था पर्याप्त भए/नभएको स्पष्ट पार्नुपर्ने छ।

कारोबारको पहिचान गर्न नेपाल धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा अन्तरािष्ट्रियस्तरको स्वचालित बजार सुपरीवेक्षण प्रणालीको व्यवस्था भए/नभएको समेत हेर्नुपर्नेछ। वास्तविक समय अनुमान गर्न आवश्यक संयन्त्र भए/नभएको, धितोपत्र बजारमा वास्तविक क्षेत्रको हिस्सा कति प्रतिशत हुनुपर्ने जस्ता जिज्ञासाको सम्बोधन गर्नुपर्ने उपसमितिको ठहर छ।

यस्तै बैंकका शाखाले नै सहायक कम्पनीको काम गर्ने वा सहायक कम्पनीका अलग शाखाहरू देशव्यापी रुपमा सञ्चालन हुने स्पष्ट व्यवस्था गर्नुपर्ने छ। पूर्ण स्वचालित प्रणालीमा जाँदा ब्रोकरको सङ्ख्या घटाउनु वा बढाउनु के गर्नुपर्ने हो र एउटै दलाल व्यवसायीले शेयर खरिद बिक्री गर्ने वा नगर्ने र गर्ने भएमा त्यसका कस्तो सुरक्षात्मक प्रविधिको व्यवस्था गर्नुपर्ने स्पष्ट हुनुपर्नेछ।

वाणिज्य बैंकका सहायक कम्पनीलाई ब्रोकर अनुमति दिँदा नियामक निकाय नेपाल राष्ट्र बैंक र धितोपत्र बोर्ड हुने भएकाले कसरी व्यवस्थित गर्ने र हालका धितोपत्र व्यवसायीले तोकिएको परीक्षा दिई उतीर्ण भएको आधारमा ब्रोकर अनुमति पाउने व्यवस्था रहेकामा बैंकको सहायक कम्पनीलाई यो व्यवस्था कसरी लागू गर्ने भन्ने जिज्ञासाको समेत उत्तर दिनुपर्ने उपसमितिले औंल्याएको छ।

लगानीकर्ताको लगानी सुरक्षित हुने र पूँजीबजारको अवस्थामा वृद्धि र विस्तार हुने वातावरण सिर्जना भएपश्चात अर्थमन्त्रालय, नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड र नेप्सेलगायतका निकायले आवश्यक तयारी गरी वाणिज्य बैंकका सहायक कम्पनीलाई धितोपत्र दलाल व्यवसाय अनुमतिपत्र दिने निर्णय गर्नु उचित हुने उपसमितिले निष्कर्ष निकालेको छ।

त्यस्तै सानो पूँजी तथा न्यून शेयरधनी रहेको कम्पनीको धितोपत्र कारोबारका लागि छुट्टै व्यवस्था गर्न उपसमितिले सुझाव दिएको छ। बोर्ड र नेप्सेमा कार्यरत कर्मचारीलाई शेयर बजारको स्वच्छताका लागि साधारण शेयरमा समेत पहुँच नपुग्ने व्यवस्था मिलाउन सुझाएको छ। ती संस्थाका कर्मचारीको हालसम्म कायम रहेको शेयरको बारेमा समेत सार्वजनिक गर्नुपर्ने सुझाव उपसमितिले दिएको छ। उपसमितिको प्रतिवेदन छिट्टै छलफलमा ल्याई आवश्यक निष्कर्ष निकालिने समितिका सभापति कृष्णप्रसाद दाहालले जानकारी दिए।

## शेयर बजारमा १ अर्ब २१ करोडको कारोबार

**काठमाडौं/मस**-धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार पनि दोहोरो अङ्कले वृद्धि भएको छ। लगातार उकालो लाग्दै आएको बजारमा कारोबार मापक नेप्से परिसूचक ३७.९३ विन्दुले बढेर एक हजार ३३६.६६ मा पुगेको छ। यस्तै सेन्सेटिभ परिसूचक ६.७१ अङ्कले बढेर २८२.५९ मा पुगेको छ। कुल १७८ कम्पनीको २८ लाख ८३ हजार ९४८ कित्ता शेयर रु एक अर्ब २१ करोड २४ लाख २६ हजार २६७ मा खरिदबिक्री भए। मंगलबार कारोबार भएका कुल १२ उपसमूहको शेयर उकालो लागेको छ। स्टकका अनुसार बैंकिङ २५.८३, व्यापार ३४.६१, होटल १२७.१, विकास बैंक ३४.८१, जलविद्युत् २६.४९, वित्त १९.४, निर्जीवन बीमा ३६५.४६, उत्पादन ४१.८३, अन्य २७.०५, लघुवित्त ७६.५५, जीवन बीमा १९८.३८ र सामूहिक लगानी कोष ०.१६ ले वृद्धि भएको छ।




कारोबार रकमका आधारमा पुनर्बीमा कम्पनी शीर्ष स्थानमा रहेको छ। सो कम्पनीको रु नौ करोड १२ लाख ६७ हजार ८३ बरारबरको कारोबार भयो। यस्तै नेपाल लाइफ इन्स्योरेन्सको रु आठ करोड ६० लाख ३५ हजार १२०, हिमालयन डिष्टिलरी रु पाँच करोड ८६ लाख ६६ हजार ८८३, एनएमबी बैंक रु पाँच करोड नौ लाख २३ हजार १६१ र छिमेक लघुवित्त विकास बैंकको रु चार करोड २४ लाख १९ हजार ६२६ बराबरको कारोबार भई शीर्ष स्थानमा रह्यो। स्टकका अनुसार मंगलबार मञ्जुश्री फाइनान्स, पुनर्बीमा कम्पनी, नेपाल सेवा लघुवित्त, ओरियन्टल होटल, प्रुडेन्सिय इन्स्योरेन्सका शेयरधनीले समान १० प्रतिशतले कमाए। यस्तै हिमालयन जनरल इन्स्योरेन्स, ९.९७, सूर्योदय लघुवित्त ९.९५ र सामुदायिक लघुवित्त वित्तीय संस्थाका लगानीकतो ९.९५ प्रतिशतले कमाए। यस्तै खानीखोला हाइड्रोपावर ३.८५, ग्लोबल आइएमई लघुवित्त ३.७१, घलेम्दी हाइड्रो ३.४५, रिलायन्स फाइनान्स ३.०८ र एनआईसी एसिया बैंकको संस्थापक शेयरधनीले २ प्रतिशतले गुमाए।

## हिमालय एयरलाइन्सले आगामी आइतबार र शनिबार ३ स्थानमा उद्धार चार्टर उडान गर्ने

**काठमाडौं/मस**-हिमालय एयरलाईन्सले आगामी शनिबार र आईतबारको उद्धार चार्टर उडान तालिका सार्वजनिक गरेको छ। कम्पनीले पछिल्लो समय विभिन्न देशहरुमा उद्धार चार्टर उडान भर्दै अलपत्र नेपालीलाई स्वदेश ल्याईरहेको छ। सोही अनुसार कम्पनीले आगामी शनिबार र आईतबारको पनि उद्धार उडान तालिका सार्वजनिक गरेको हो। कम्पनीका अनुसार कम्पनीको जहाज शनिबार साउदी अरेबीयाका




दमाम तथा फिलिपीन्सको मनिलामा उडान भर्ने भएको हो। यस्तै कम्पनीको अर्को जहाज जुलाई १२ अर्थात आईतबार मलेशियाको क्वालालम्पुर उडान भर्ने भएको छ। कम्पनीका अनुसार उक्त उडानको भाडादर भने क्रमशः ४६५, ७०० र ३७२ डलर तोकिएको छ।

## एनआईसी एशियाको आकर्षक योजनाको समय सकिँदै

**काठमाडौं/मस**-एनआईसी एशिया बैंकले सार्वजनिक गरेको आकर्षक ब्याजदर नामक स्किममा भाग लिने समय अब ८ दिनमात्रै बाँकी रहेको जनाएको छ। बैंकले असार मसान्तसम्म कर्जाका सावाँ तथा ब्याजको बक्यौता तिरेमा साउन देखि कर्जाको ब्याजदर ९ दशमलव ९९ प्रतिशत गर्ने बताएको थियो। सोही अनुसार उक्त योजनामा भाग लिने म्याद केहीदिन मात्रै बाँकी रहेकाले योजनामा भाग लिन बैंकले आह्वान गरेको छ। बैंकबाट मासिक तथा त्रैमासिक किस्ताबन्दी कर्जाहरूका साथै चालूपुँजी कर्जा तथा अन्य रिभल्विङ प्रकृतिका कर्जाहरू लगायत बैंकबाट प्रवाह भएका कुनै पनि कर्जाहरू उपभोग गरेका ग्राहकले उक्त योजनामा भाग लिन सक्नेछन्। बैंकले राष्ट्र बैंकको निर्देशन अनुसार चैत्र मसान्तसम्म कायम ब्याजदरमा २ प्रतिशत ब्याज सहुलियत तत्काल कार्यान्वयन गर्दै उक्त २ प्रतिशत ब्याज सहुलियतको अलावा ऋणीहरूले वैशाख तथा जेष्ठ महिनासम्ममा तिर्नुपर्ने सम्पूर्ण किस्ता वा ब्याज रकम क्रमशः वैशाख तथा जेष्ठ मसान्तभित्र पूर्ण रुपमा चुक्ता भुक्तान गरेमा सम्पूर्ण ब्याज रकममा थप १० प्रतिशत छुट गर्ने बताएको थियो। यस्तै जरिवाना ब्याजको शतप्रतिशत रकम छुटको योजना ल्याएको समेत ल्याएको थियो। बैंकले हाल ३२६ शाखा कार्यालयहरू, ४६४ एटिएम, १०१ वटा एक्स्टेन्सन काउण्टर एवं ६१ वटा शाखा रहित बैंकिङ्गमार्फत सेवा दिँदै आएको छ।

## एक्जिम कोड नवीकरणको म्याद थप्न नाडाको माग

**काठमाडौं/मस**-नाडा एशोसिएशनका अध्यक्ष कृष्णप्रसाद दुलालले भन्सार विभागका महानिर्देशक सुमन दाहालसंग भेटी एक्जीम कोड नविकरणको म्याद २०७७ साल अशोज मसान्तसम्मका लागि थप गर्न अनुरोध गरेका छन्। नेपालमा ३०००० व्यावसायीक कम्पनीहरु एक्जीम कोडमा दर्ता रहेको र हालसम्म पनि बन्दाबन्दी कायम रहेको, सडकमा जोर विजोरको सवारी साधन सञ्चालनमा रहेको, सर्वोच्च अदालतले जिरो आवरको घोषणा गरेको स्थितिमा सो नविकरण गर्ने कम्पनीहरु १५०० को सख्यामा मात्र रहेको सन्दर्भमा सवै कम्पनीहरुले निर्धारित समयवधि भित्र नविकरण गर्न नसक्ने अवस्था रहेकोले नविकरणको म्याद थप गर्न नाडाले अनुरोध गरेको हो। देशको यस्तो जटिल र विषम परिस्थितिमा यसबाट व्यवसायीहरुलाई धेरै सहज हुने अपेक्षा नाडाले राखेको छ। सो एक्जीम कोड नविकरण गर्ने म्याद यहि २०७७ आषाढ मसान्तसम्म मात्र रहेको छ। उक्त छलफलमा दुलाल लगायत नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य तथा रोजगार दाता समितिका उप सभापति भरतराज आचार्य, नाडाका एशोसिएशन सचिव सुरेन्द्र प्रधान तथा नेपाल उद्योग वाणिज्य महासंघका अधिकृत लोकराज जोशी समेतको उपस्थिति रहेको थियो।

## कोभिडविरुद्धको सावधानीसहित पवन स्विट सञ्चालनमा

**काठमाडौं/मस**-बिश्वब्यापी महामारीबाट बच्न अबलम्बन गरिने सबै सोसल डिस्टेन्सका प्रोटकलहरुको पूर्ण पालना गर्दै पवन स्विट्ले लकडाउन पछि आफ्नो सेवा पुन संचालनमा ल्याएको छ। सफा, शान्त र पारिवारीक वातावरणमा संचालित मिष्ठान भण्डारमा कोभिड(१९ बिरुद्द को सम्पूर्ण सजगता अपानाईएको संचालकहरुले बताएका छन। सबै कर्मचारीहरुले हातमा पन्जा, मुखमा माक्स र फेस सिल्ड लगाएरै काम गर्ने गरेका छन। खाना उत्पादन गर्दा देखि ग्राहकहरुलाई पस्किदासम्मको सम्पूर्ण क्षणहरुलाई उच्च सतर्कताका साथ सम्पन्न गरिएको कम्पनीले जानकारी दिएको छ। वातावरण प्रदुषण प्रति सदैब सचेत यस मिष्ठान भण्डारमा सबै सामानहरु बायो डिग्रेडबल जस्तै केराको पात, टपरी तथा पेपरका सामानहरु प्रयोग गरिने गरेको छ। हाल घरै बसेर यस मिष्ठान भण्डारबाट स्वदेशी तथा ईन्डिएन कुजिनका खानाहरु फुडमान्डुबाट अर्डर गर्ने सुविधा पनि रेहेको छ।

## ग्लोबल आइएमई बैंकद्वारा कोरोना रोकथामका सुदूरपश्चिम प्रदेशलाई २० लाख सहयोग



**काठमाडौं/मस**-ग्लोबल आइएमई बैंकले कोरोना रोकथाम तथा नियन्त्रणका लागि सुदुरपश्चिम प्रदेश सरकारलाई नगद रु. २० लाख सहयोग गरेको छ। एक कार्यक्रमकाबीच बैंकको सुदुरपश्चिम प्रादेशिक कार्यालय प्रमुख मुकुन्द प्रसाद भट्टले सुदुरपश्चिम प्रदेश सरकारका माननीय मुख्यमन्त्री त्रिलोचन भट्टलाई उक्त रकमको चेक हस्तान्तरण गरेका हुन। उक्त कार्यक्रममा बोल्दै माननीय मुख्यमन्त्री भट्टले कोरोना रोकथामका लागी निजी क्षेत्रबाट सबैभन्दा ठूलो सहयोग प्रदान गरेकोमा बैंकलाई धन्यवाद दिए। कोभिड - १९ ले आम विश्व समुदायलाई त्रसित बनाइरहेको अवस्थामा नेपाल र नेपाली उच्च जोखिममा रहेको यस घडीमा यस योगदानबाट यो भाईरस विरुद्व लड्न थप प्रेरणा र सहयोग हुने विश्वास बैंकले लिएको छ। बैंकले स्थापनाकाल देखि नै दैवी तथा अन्य विपत्तीको अवस्थामा आफनो सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राखेर विभिन्न कार्यहरुमा सहयोग गर्दै आएको छ र आगामी दिनहरुमा समेत यस्तो सहयोग लाई निरन्तरता दिँदै जानेछ। उक्त कार्यक्रममा सुदुरपश्चिम प्रदेश सरकारका सामाजिक विकास मन्त्री कृष्ण राज सुवेदी, उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्री माया भट्ट, भुमि व्यवस्थापन कृषि तथा सहकारी मन्त्री विनिता चौधरी लगायत अन्य प्रदेश सांसदको उल्लेखीय उपस्थिति थियो।

पदीय दायित्व पूरा नगर्नु भएको समाज र राष्ट्रको लागि धोखा हो।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

विज्ञापन रकम भुक्तानीबारे
अत्यन्त जरुरी सूचना

यस **मध्यान्ह राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका **विज्ञापन एजेन्सी** तथा अन्य **विज्ञापनदाताहरू**ले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७७ असार २५ गते** भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिक** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुविधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही अगाडी बढाइने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ।

लेखा शाखा
मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक
बागबजार, काठमाडौं, फोन नं. : ४२२६३६६, ४२२८२९८
Email: madhyanhadaily59@gmail.com, madhyanhadaily59@yahoo.com

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस्।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**